गौरादह नगरपालिका

स्थानीय राजपत्र

# गौरादह नगरपालिकाको गौरादह पोखरी संरक्षण तथा पर्यटन विकास समिति कार्यविधि, २०८१

खण्डः ६ संख्याः ४ स्वीकृत मितिः२०८१/०२/१८

भाग २

**गौरादह नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**गौरादह, झापा, नेपाल**

# गौरादह नगरपालिकाको गौरादह पोखरी संरक्षण तथा पर्यटन विकास समिति कार्यविधि, २०८१

**प्रस्तावना :** गौरादह नगरपालिका वडा नं. १ मा रहेको करिव १२ विगाह क्षेत्रफलको पोखरी संरक्षण गर्न पर्यटन विकास गर्न आवश्यक र वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (छ) को उपखण्ड (१२) बमोजिम गौरादह नगर कार्यपालिकाको मिति २०८१/०२/१८ को बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस कार्यविधिको नाम **"गौरादह पोखरी संरक्षण तथा पर्यटन विकास समिति कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषा :</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको कार्यकारी समितिलाई सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) "गौरादह पोखरी" भन्नाले गौरादह नगरपालिका वडा नं.१ मा रहेको १२ विगाह क्षेत्रफल ओगटेको ऐतिहासिक पोखरीलाई सम्झनु पर्छ।

(ङ) "पर्यटक" भन्नाले स्वदेशी तथा विदेशी मुलुकबाट भ्रमणका लागि पालिका क्षेत्रभित्र आउने नेपाली तथा गैर नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(च) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) "पालिका" वा "नगरपालिका" भन्नाले गौरादह नगरपालिका सम्झनुपर्छ।

(ज) “कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(झ) “सभा” भन्नाले नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ञ) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## समिति गठन, पदावधि, योग्यता, राजिनामा, पुन पद पूर्ति तथा फिर्ता बोलाउने

**३. <u>समितिको गठनः</u>** (१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रवन्ध गर्नका लागि ११ सदस्यीय समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) वडा नं १ वडा अध्यक्ष -पदेन अध्यक्ष

(ख) उद्योग वाणिज्य संघको अध्यक्ष- सदस्य १ जना

(ग) कार्यापलिकाले तोकेको ३ महिला सहित- सदस्य ८ जना

(घ) वडा नं. १ को वडा सचिव- सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी तथा विदेशी विषय विज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसँग सम्बन्धित उपलब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको सल्लाहकार नियुक्ति गर्न सकिनेछ र समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा पालिका प्रमुख समक्ष र अन्य पदाधिकारी तथा सदस्यले समितिको अध्यक्ष समक्ष राजिनामा पेस गर्नु पर्नेछ ।

(६) पदावधिको बाँकी छँदै राजिनामा दिएमा, मृत्यु भएमा, असक्त भई तोकिएको कार्य सम्पादन गर्न नसक्ने भएको, फौजदारी अभियोगमा सजाय पाएमा, बसाई सरी बाहिर गएमा, पदीय दायित्व सन्तोषजनक ढंगले वहन नगरेमा, पदबाट फिर्ता बोलाई कार्य समितिको पद रिक्त भएमा बाँकी पदावधिको लागि नगर कार्यपालिकाले मनोनयन वा अध्यक्ष तोक्न सक्नेछ ।

४. <u>**योग्यताः**</u> समितिमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) २२ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) सापेक्षिक रुपमा पर्यटन सम्बन्धी पर्याप्त जानकारी भई योगदान पुर्याउन सक्ने ।

(ग) पर्यटन तथा संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको ।

(घ) नगरपालिका/जिल्लाभित्र बसोबास गरी सामाजिक काममा योगदान पुर्याइ रहेको ।

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।

(च) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति ।

५. <u>**समितिको उद्देश्य :**</u> समितिको उद्देश्य देहाय बमोजिम हुनेछ-

(क) नेपाल सरकार तथा स्थानीय सरकारको नीति निर्देशनको अधिनमा रही गौरादह पोखरीको विकास, संरक्षण र सम्बर्द्धन गर्ने साथै आन्तरिक पर्यटनलाई बढावा दिने।

६. <u>**समितिको काम, कर्तव्य र अधिकारः**</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछ-

(क) गौरादह पोखरीको कार्ययोजना बनाई नगर कार्यपालिकामा पेस गर्ने।

(ख) नगरपालिकाको सिफारिस लिई गौरादह पोखरीको विकास, संरक्षण र सम्बर्द्धनका लागि प्रदेश सरकार, सङ्घीय सरकार लगायत सम्बन्धित निकायमा योजना पेस गर्ने।

(ग) गौरादह पोखरी सञ्चालनबाट प्राप्त हुने आम्दानीको संरक्षण गर्ने।

(घ) नगरपालिकाले दिएको निर्देशन बमोजिम गौरादह पोखरी सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्ने।

(ङ) पोखरी संरक्षण, विकास र पर्यटन स्थल बनाउने, विस्तृत सर्भेक्षण गर्ने।

७. **समिति उत्तरदायी हुनुपर्ने:** समिति नगरपालिका प्रति उत्तरदायी हुनुपर्नेछ।

८. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा व्यवस्था भएका व्यवस्थाहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

९. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिले व्याख्यामा द्विविधा भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ।

१०. **समिति भङ्ग गर्न सकिने:** प्रचलित कानून बिपरित कार्य गरेको पाइएमा समितिलाई कार्यपालिकाले भङ्ग गर्न सक्नेछ ।

११. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने:** (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

आज्ञाले
युवराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत